गर्नका लागि सहज हुने र सार्वजनिक सेवा प्रदान गर्ने क्रममा हुने अनियमितता पनि निवारण हुने हुन्छ ।

(२) **एकीकृत घुम्ति सेवा** : एकीकृत घुम्ती सेवाका माध्यमबाट सेवाग्राहीहरू रहेकै स्थानमा गई सार्वजनिक सेवा प्रवाह गरिन्छ । यसको माध्यमबाट सर्वसाधारण वा सेवाग्राहीको समय र पैसाको बचत हुनुका साथै सार्वजनिक सेवाप्रतिको विश्वास बढ्दछ । स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवा, जिल्ला प्रशासन कार्यालयबाट वितरण गरिने नागरिकता आदिजस्ता सेवा एकीकृत घुम्ती सेवाको माध्यमबाट प्रदान गर्न सकिन्छ ।

(३) **गुनासो सुनुवाई** : सार्वजनिक सेवा प्रवाहको अर्को तरिका वा माध्यम गुनासो सुनुवाई पनि हो । यस माध्यममा सेवाग्राहीले आफूले सेवा प्राप्त गर्ने क्रममा भोग्नुपरेका कठिनाई गुनासो सुन्ने अधिकारी समक्ष राखी गुनासो सुन्ने अधिकारीले सो समस्याको समाधानका लागि पहल गर्ने कार्य गर्दछन् ।

(४) **उजुरी पेटिका** : सार्वजनिक सेवा प्रवाह गर्ने संस्थामा सेवाग्राहीले सेवा प्राप्त गर्ने क्रममा चित्त नबुझेका कुरा राख्नका लागि एउटा उजुरी पेटिका राखिएको हुन्छ । जुन उजुरी पेटिकालाई अधिकार प्राप्त अधिकारीले समय समयमा खोली यसबाट प्राप्त सुझावका आधारमा आफ्नो सेवा प्रवाहको शैलीलाई परिवर्तन गर्ने गर्दछन् ।

(५) **सार्वजनिक सुनुवाईको व्यवस्था** : सरकारले सार्वजनिक सुनुवाई मार्फत सार्वजनिक सेवा प्रवाह प्रभावकारी रुपमा भएको छ वा छैन ? छैन भने प्रभावकारी गराउन के गर्नु पर्दछ ? भन्ने कुरा जानकारी लिई सार्वजनिक सेवा प्रवाहलाई अझ प्रभावकारी गराउन सक्दछ ।

(६) **हेलो सरकार** : हेलो सरकार कक्ष तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईको पालामा सरकारी निकायका कामकारबाही सम्बन्धमा जनताका गुनासाहरूलाई तत्काल सम्बोधन गरी राहत दिने उद्देश्यले २०६८ कार्तिक १७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत हेलो सरकार कक्ष स्थापना भएको हो । २४ सै घण्टा खुला रहने हेलो सरकार डेस्कले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलगायत हरेक मन्त्रालयहरूबाट हुने नीतिगत निर्णय, कार्य सञ्चालन, शान्ति र सुशासन व्यवस्थापन तथा सञ्चालनलाई समेत व्यवस्थित गर्ने जिम्मेवारी पाएको छ । यस कक्षमा गुनासा, सुझावका लागि निःशुल्क टेलिफोन नम्बर १११९ र फ्याक्स नं. १११० को व्यवस्था गरिएको छ ।

सार्वजनिक सेवा प्रवाहको महत्वलाई मध्यनजर राखेर नै नेपाल सरकारले सार्वजनिक सेवालाई प्रभावकारी बनाउन विभिन्न ऐन कानून तथा संस्थागत व्यवस्था समेत गरेको पाइन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, नियमावली २०६५, उपभोक्ता समितिको गठन तथा सार्वजनिक सुनुवाइ सम्बन्धी कानूनी व्यवस्था यसका उदाहरण हुन् ।

## नेपालमा सार्वजनिक सेवा प्रवाह गर्ने सन्दर्भमा देखिएका समस्याहरू

नेपालमा सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता र कुशलता हासिल हुन नसकी समस्याहरू विद्यमान रही रहेको पाईन्छ । नेपालमा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउने क्रममा देखिएका प्रमुख समस्याहरू देहाय बमोजिम रहेको पाईन्छ –

- सेवा सुविधाको स्पष्ट व्याख्या एवं गुणस्तरको मापदण्ड निर्धारण नगरिनु,
- राजनैतिक स्तरमा स्वार्थभाव बढ्नु,
- भ्रष्टाचार एवं दण्डहिनताले प्रश्रय पाउनु,



Question Bank Nepal

- प्रशासकीय स्तरमा मनोबल खस्कनु,
- सेवा प्रवाह पारदर्शी एवं जवाफदेही नहुनु,
- सेवा लक्षित समूहसम्म नपुग्नु,
- सशक्त नागरिक समाजको अभाव रहनु,
- केन्द्रमुखी प्रशासकीय व्यवस्था,
- प्रक्रियामुखी कार्यशैलीको विद्यमानता,
- सेवा प्रदायकको कार्य मूल्यांकन मैत्री दण्ड पुरस्कार प्रणालीको अभाव,
- सेवा जनताको माग उन्मुख नभई आपूर्ति उन्मुख हुनु,
- सार्वजनिक सेवा एवं सेवा प्रवाहका विविध आयामबारे जनचेतना अभिवृद्धि गर्न नसकिनु,
- सेवा प्रवाह प्रतिस्पर्धी एवं सहभागीमूलक नहुनु आदि ।

सार्वजनिक सेवा प्राप्त गर्ने सेवाग्राही (जनता) को अधिकार हो, भने सेवाग्राही (जनता) लाई प्रभावकारी सेवा प्रवाह गर्नु सेवा प्रदायक (सरकार) को जिम्मेवारी हो । सार्वजनिक सेवा प्रवाह गर्दा सेवा प्रदायकले सेवाग्राहीका अधिकारको सम्मान गर्दै सेवाग्राहीमैत्री भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । त्यस्तै गरी सेवाग्राहीले पनि आफ्ना अधिकार प्रति सचेत हुँदै सार्वजनिक सेवा लिने क्रममा आफ्ना कर्तव्य/दायित्वहरू पनि पालना गर्नुपर्ने हुन्छ । दुवै पक्षले आ-आफ्नो भूमिका समुचित रूपमा निभाउन सकेमा मात्र सार्वजनिक सेवा प्रवाह छिटो, छरितो, पारदर्शी र प्रभावकारी हुन मद्दत पुग्दछ ।

**बराह क्षेत्र -** कोशी र कोका नदीको संगममा रहेको बराह क्षेत्र सुनसरी जिल्लामा रहेको छ । विभिन्न वराहका मन्दिर तथा धर्मशालाहरू रहेको यस क्षेत्रमा कार्तिक पूर्णिमा र माघे संक्रान्तिमा ठूलो मेला लाग्दछ । यस क्षेत्र भगवान विष्णुको 'वराह अवतारसँग' नाम जोडिएर आउने गर्दछ । वराह क्षेत्रको माथिको डाँडामा 'चौदण्डी' कोट छ, जहाँ सोमवंशी राजाहरूको गढ थियो ।वराह क्षेत्रमा श्राद्ध गर्दा गयाको फाल्गुँ श्राद्धको फल मिल्ने तथा अस्तु विसर्जन गरेमा गंगा सरहको फल मिल्ने जनश्रुती छ ।

Question Bank Nepal

## १.६ लोक सेवा आयोगद्वारा ना.सु. (खुला/समावेशी), २०७२ मा सोधिएका प्रश्नहरु र ती प्रश्नहरुको समाधान

**खण्ड (Section) – A (अंक ४०)**

**नेपालको सामाजिक, आर्थिक एवं वातावरणीय अवस्था**

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions)**

1. नेपालको आर्थिक विकासमा निजी क्षेत्रको भूमिका कस्तो रहेको छ ? उल्लेख गर्नुहोस् । (Mention the role of private sector in the economic development of Nepal.) 5
2. बसाई सराई भन्नाले बुझ्नुहुन्छ ? बसाईसराइले सामाजिक आर्थिक क्षेत्रमा पार्ने नकारात्मक असरहरु उल्लेख गर्नुहोस् । (What do you mean by migration? Mention the adverse effects of migration on socio-economic aspects.) 5
3. जैविक विविधता भन्नाले के बुझिन्छ ? नेपालमा जैविक विविधता संरक्षणका उपायहरूबारे चर्चा गर्नुहोस् । (What do you mean by bio-diversity? Explain themethod of conservation of bio-diversity in Nepal.) 5
4. त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) ले वातावरण संरक्षण एवम् जलवायु परिवर्तन सम्बन्धमा के कस्तो दीर्घकालीन सोँच र उद्देश्य लिएको थियो ? उल्लेख गर्नुहोस् । (What longterm vision and objectives was taken in the Three years plan (2067/68-2069/70) about environment protection and climate change? Mention.) 5
5. संस्कृति भन्नाले के बुझ्नुहुन्छ ? छोटकरीमा परिभाषा सहित उल्लेख गर्नुहोस् । (What do you mean by culture? Define in short.) 5
6. नेपालमा कृषिको महत्व छोटकरीमा उल्लेख गर्नुहोस् । (Briefly mention the importance of agriculture sector in Nepal.) 5

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question)**

7. सामाजिक सुरक्षा भनेको के हो ? नेपालमा सामाजिक सुरक्षा सम्बन्धी के कस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन् ? चर्चा गर्नुहोस् । (What is social security? Explain the programs conducted for the social security in Nepal.) (2 + 8) =10

Question Bank Nepal

## खण्ड (Section) – B (अंक ३०)

### संवैधानिक व्यवस्था र सरकार

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions)**

8. नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम राज्यको सामाजिक उद्देश्य के रहेको छ ? उल्लेख गर्नुहोस् । (According to the Interim Constitution of Nepal, 2063, what is the social objective of the state? Mention.) 5
9. केन्द्रीय सरकारका प्रमुख कार्यहरू उल्लेख गर्नुहोस् । (Mention the major functions of central government.) 5
10. लोकतन्त्रको सफलताका लागि आवश्यक पर्ने पूर्वशर्तहरू उल्लेख गर्नुहोस् । (Mention the prerequisites required for the success of democracy.) 5
11. सरकारात्मक विभेद भन्नाले के बुझ्नुहुन्छ ? संक्षेपमा उल्लेख गर्नुहोस् । (What do you mean by positive discrimination? Mention in brief.) 5

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question)**

12. नेपालको सामाजिक सशक्तिकरण र विकासमा नागरिक समाजको भूमिका कस्तो हुनुपर्छ ? चर्चा गर्नुहोस् । (What should be the role of civil society on social empowerment and development of Nepal? Explain.) 10

## खण्ड (Section) – C (अंक ३०)

### सार्वजनिक सेवा सञ्चालन एवं व्यवस्थापन

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions)**

13. असल अभिलेख व्यवस्थापनमा हुनुपर्ने गुणहरू उल्लेख गर्नुहोस् । (Mention the attributes that the good record management requires.) 5
14. सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका उल्लेख गर्नुहोस् । (Mention the role of service provider in public service delivery.) 5
15. कार्यालय व्यवस्थापन भनेको के हो ? वर्णन गर्नुहोस् । (What is office management? Explain.) 5
16. नेपालको निजमती सेवामा वृत्ति विकास सम्बन्धी कस्तो व्यवस्था छ ? उल्लेख गर्नुहोस् । (Mention the provisions for career development in the civil service of Nepal.) 5

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question)**

17. सरकारी बजेटका उद्देश्यहरू उल्लेख गर्नुहोस् र नेपालको बजेट तर्जुमा प्रक्रियाबारे चर्चा गर्नुहोस् । (Mention the objectives of the government's budget and discuss the budget formulation process in Nepal.) (3+7) = 10

Question Bank Nepal

# लोक सेवा आयोगद्वारा लिइएको नायब सुब्बा पद (खुला/समावेशी), २०७२ को प्रश्नहरूको समाधान

## खण्ड (Section) – A (अंक ४०)

### नेपालको सामाजिक, आर्थिक एवं वातावरणीय अवस्था

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions)**

१. **नेपालको आर्थिक विकासमा निजी क्षेत्रको भूमिका कस्तो रहेको छ ? उल्लेख गर्नुहोस् । (Mention the role of private sector in the economic development of Nepal.)** **5**

उत्तर :

निजी क्षेत्र मुनाफामुखी गैर सरकारी औद्योगिक तथा व्यापारिक क्षेत्र हो । अर्को अर्थमा सार्वजनिक कानुन तथा सरकारी नियमन अन्तर्गत सञ्चालन हुने भएपनि सरकारको स्वामित्व र नियन्त्रण नहुने सबै किसिमको स्वतन्त्र बजार अर्थतन्त्रलाई निजी क्षेत्र भन्न सकिन्छ । निजी क्षेत्र अन्तर्गत एकलौटी व्यवसाय, साझेदारी व्यवसाय र संयुक्त पूँजी कम्पनी पर्दछन् । आर्थिक विकासमा निजी क्षेत्रको संलग्नता खास गरी सन् १९८० को दशकमा आएको आर्थिक उदारीकरणको अवधारणाले बढाएको हो । आर्थिक विकासको प्रमुख संवाहकको रुपमा रहने निजी क्षेत्रले निम्न भूमिकाका माध्यमद्वारा विकास प्रक्रियामा महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछ :-

- राष्ट्रको वास्तविक अवस्थासँग मेल खाने किसिमको आर्थिक नीति निर्माणका लागि आवश्यक सल्लाह, सुझाव, पृष्ठपोषण उपलब्ध गराएर ।
- देशको आर्थिक नीति अनुरुप आफ्ना आर्थिक क्रियाकलापहरू जस्तो उद्योग, व्यावसाय सञ्चालन गरेर ।
- राज्यको दृष्टिमा नपरेको एवम् राज्यको पहुँचमा नभएको तुलनात्मक लाभका क्षेत्रमा लगानी गरेर ।
- नाफा आर्जन गर्ने नाममा Business ethics लाई वेवास्ता गरी आफ्ना क्रियाकलाप सञ्चालन गर्नुको सट्टा Good Business Culture को विकास गरेर ।
- सार्वजनिक निजी साझेदारीको अवधारणा मार्फत आर्थिक विकासका क्षेत्रहरूमा सरकार सँग सहकार्य गरेर ।
- विभिन्न सामाजिक कल्याण, वातावरण संरक्षण एवम् सांस्कृतिक प्रवर्द्धन जस्ता कार्यहरूको माध्यमबाट सामाजिक उत्तरदायित्व निर्वाह गरेर ।
- स्वच्छ प्रतिस्पर्धाका माध्यमद्वारा लागत प्रभावकारी रुपमा गुणस्तरीय वस्तु तथा सेवा उत्पादन गरी निर्यात प्रवर्द्धन गरेर ।
- अन्तर्राष्ट्रिय स्तरमा विकसित ज्ञान, सीप एवम् प्रविधि भित्र्याउन आवश्यक पहल गरेर ।
- गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन एवम् वितरण गरी उपभोक्ताको हित संरक्षणमा जोड दिएर ।

Question Bank Nepal

२. **बसाई सराई भन्नाले बुझ्नुहुन्छ ? बसाईसराइले सामाजिक आर्थिक क्षेत्रमा पार्ने नकारात्मक असरहरू उल्लेख गर्नुहोस् । (What do you mean by migration? Mention the adverse effects of migration on socio-economic aspects.)** **5**

उत्तर :

**बसाइसराइको परिचय**

विभिन्न कारणले गर्दा मानिसहरूले उद्गम स्थान छाडी गन्तव्य स्थानमा जाने प्रक्रियालाई बसाई सराई भनिन्छ । बसाईसराईले कुनै ठाउँ वा देशको जनसङ्ख्याको आकार र वितरणमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ । उद्गम स्थानको विकर्षण र गन्तव्य स्थानको आकर्षणले गर्दा यो निरन्तर चल्ने मानवीय प्रक्रिया हो । बसाईसराईलाई सामान्यतया आन्तिरीक बसाईसराई र बाह्य बसाईसराई गरी दुई भागमा बाँडिएको पाइन्छ । आन्तिरिक बसाईसराईले उद्गम स्थान र गन्तव्य स्थानको जनसङ्ख्यामा असर पुगेता पनि देशको कुल जनसङ्ख्यामा भने कुनै असर पर्दैन । तर बाह्य बसाईसराईले भने देशको कुल जनसङ्ख्याको आकार र वितरणमा समेत असर पर्न जान्छ । बसाईसराई अव्यवस्थित तथा अत्याधिक हुँदा यसले वातवरण, सामाजिक तथा आर्थिक पक्षमा समेत नराम्रो असर पुर्याउँछ । साथै सेवा, सुविधा, आर्थिक तथा दक्ष जनशक्ति कम भएको क्षेत्रमा विकास निमार्णका कार्यमा समेत अवरोध पुग्दछ ।

**बसाईसराईले सामाजिक तथा आर्थिक क्षेत्रमा पार्ने नकरात्मक असर**

- विभिन्न स्थानबाट विभिन्न संस्कृति र मान्यता बोकेका मानिसहरू जम्मा हुनाले गन्तव्य स्थानको मौलिक संस्कृतीमा ह्रास आउँछ ।
- रोजगारीको अवसर प्राप्त गर्न प्रतिस्पर्धा बढ्छ ।
- समाजमा चोरी, डकैती, हत्या, हिंसा बलत्कार जस्ता सामाजिक अपराधहरूमा वृद्धि हुने ।
- रोजगारीको अवसर न्यून हुँदा आर्थिक संकट पर्ने ।
- गन्तव्य स्थानमा भएको तिब्र जनसङ्ख्या वृद्धिका कारण स्वास्थ्य सेवा सुविधा कमी हुन गई मानिसको स्वास्थ्यमा समेत प्रतिकुल असर पर्न जान्छ ।

३. **जैविक विविधता भन्नाले के बुझिन्छ ? नेपालमा जैविक विविधता संरक्षणका उपायहरूबारे चर्चा गर्नुहोस् । (What do you mean by bio-diversity? Explain themethod of conservation of bio-diversity in Nepal.)** **5**

उत्तर :

**जैविक विविधताको परिचय**

कुनै स्थानको जैविक विविधता भन्नाले प्रति इकाई वर्गमा विद्यमान जीवाणु, वंशाणु, प्राणी र त्यहाँको परिस्थितीक प्रणालीलाई जनाउँछ । समष्टीगत रुपमा पृथ्वीमा रहेका जीवित सम्पदाको कुल सङ्ख्या एवं तिनिहरूको भिन्नतालाई नै जैविक विविधता (Biodiversity) भनिन्छ । पृथ्वीको जल, स्थल र आकाशमा आफ्नो जीवनयापन गर्ने संपूर्ण जीव जन्तु, वनस्पती र मानव वीचको सह अस्तित्व तथा अन्तर सम्वन्धमा रहेको विविधता नै जैविक विविधता हो ।

Question Bank Nepal

कृपया यस बारेमा अरु बढी जानकारीको लागि *लोक सेवा आयोगद्वारा सोधिएको नासु (खुला, २०६९) द्वितीय पत्र "सामाजिक-आर्थिक अवस्था" विषयको प्रश्न नं. ६(ख) को उत्तर हेर्नुहोला ।*

**नेपालमा जैविक विविधता संरक्षणका उपायहरू**

जैविक विविधताको संरक्षण सन्दर्भमा सवैभन्दा महत्वपूर्ण विषय बोटविरुवा संरक्षण र प्राणी तथा पशुपन्छी संरक्षण विषय पर्दछ । त्यसैले यहाँ बोटविरुवा संरक्षण गर्ने र पशुपंछी संरक्षण गर्ने उपाय विधिलाई देहायका बुँदाहरूमा उल्लेख गरिएको छ :–

- "स्वस्थानीय (in-situ) संरक्षण" अर्थात् मौलिक स्थान/ वासस्थानमा नै संरक्षण गर्ने कार्य र "परस्थानीय (ex-situ) संरक्षण" अर्थात् मौलिक स्थान भन्दा अन्यत्र प्राकृतिक वा कृत्रिम वातावरण तयार गरी संरक्षण गर्ने कार्य गर्न सकिन्छ ।
- वनस्पतिजन्य वस्तु घाँस दाउरा सङ्कलन, चरन क्षेत्रको विस्तार, खोरिया फडानी आदि कार्यले गर्दा बोटबिरुवा एवम् वनस्पतिमा ह्रास आउने हुँदा वनस्पतिजन्य वस्तुको उपयोग गर्दा तिनको प्राकृतिक अवस्थालाई संरक्षण गर्नुपर्छ ।
- जैविक स्रोतको संरक्षण एवं उपयोगको बारेमा स्थानीय व्यक्ति वा समुदायमा निहित रहेका ज्ञान, सीप, खोज, प्रविधि र अभ्यासलाई पनि महत्वका साथ अवलम्बन गर्नुपर्दछ ।
- लोपोन्मुख पशुपन्छीहरूको हाड, छाला, प्वाँख आदिबाट बनेका सामग्रीहरूको व्यापार गर्नेलाई कडा सजाय दिनुपर्छ ।
- वनस्पति एवं पशुपंक्षी जैविक विविधता केन्द्र निर्माण गरी दुर्लभ मानिएको वनस्पति र पशुपन्छीहरूलाई केन्द्रमा नै संरक्षण र सम्वर्द्धन गर्नुपर्छ ।
- उद्योग सञ्चालनका लागि आवश्यक पर्ने कतिपय कच्चा पदार्थ वनपैदावरबाट प्राप्त हुने हुँदा यसरी औद्योगिक कच्चा पदार्थ प्राप्त गर्न सकिने रुख विरुवाहरूको संरक्षण सम्वर्द्धन गर्ने ।
- दुर्लभ भएका बोटबिरुवाहरूलाई स्थानीय व्यक्तिले उत्पादन गरेको निश्चित सङ्ख्या वा मात्रामा बेखचबिखन गर्न पाउने प्रावधान निर्माण गर्नुपर्छ ।
- दुर्लभ बोटबिरुवा तथा जीवजन्तुहरूलाई तिनीहरूकै प्राकृतिक वातावरणमा संरक्षण गर्न सक्ने गरी संरक्षित क्षेत्रको रुपमा राख्नुपर्छ ।
- दुर्लभ बोटबिरुवा एवं जीवजन्तुको अवस्था हेरी संरक्षणका लागि कानून निर्माण गर्ने र कानूनलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्छ ।
- दुर्लभ बोटबिरुवा एवं जीवजन्तुको अवस्था, प्रयोग र त्यसलाई संरक्षण गर्नुपर्ने कारणबारे सर्वसाधारण लाई जानकारी गराउनुपर्छ ।
- अनाधिकृत रुपमा प्राकृतिक स्रोतको प्रयोग नगर्ने, यदि गर्नै परेमा त्यहाँ भएका दुर्लभ एवं उपयोगी जीवजन्तु एवं बोटबिरुवाको संरक्षण गर्ने उपायहरू सँगसँगै अपनाउने ।
- जैविक स्रोतको संरक्षण एवं उपयोगको बारेमा स्थानीय व्यक्ति वा समुदायमा निहित रहेका ज्ञान, सीप, खोज, प्रविधि र अभ्यासलाई पनि महत्वका साथ अवलम्बन गर्नुपर्दछ ।
- धार्मिक तथा सांस्कृतिक महत्वका पीपल, वर, तुलसी, रुद्राक्ष, कमल, बाघ, मृग, गोही, हात्ति आदि वनस्पति तथा जीवजन्तुको संरक्षणका लागि हाम्रो धार्मिक तथा सांस्कृतिक परम्परालाई उपयोग गर्नुपर्छ ।

Question Bank Nepal

- अति दुर्लभ भइसकेका बोटबिरुवाहरूको संरक्षण, सम्वर्द्धन गर्न बिउ संकलन गरी नर्सरीमा बिरुवा उत्पादन गर्दै उचित स्थानमा रोपी सङ्ख्या वृद्धि गर्नुपर्दछ ।
- प्राणीजन्य तथा वनस्पतिजन्य जैविक विविधताको अभिलेख राख्ने कार्य पनि जैविक विविधताको संरक्षण सन्दर्भमा महत्वपूर्ण कार्यको रुपमा रहन्छ ।
- दुर्लभ वनस्पति तथा पशुपन्छीको पारिस्थितिक प्रणालीको अध्ययन तथा अनुसन्धान गरी संरक्षण र सम्वर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।

**४. त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) ले वातावरण संरक्षण एवम् जलवायु परिवर्तन सम्बन्धमा के कस्तो दीर्घकालीन सोँच र उद्देश्य लिएको थियो ? उल्लेख गर्नुहोस् । (What longterm vision and objectives was taken in the Three years plan (2067/68-2069/70) about environment protection and climate change? Mention.)** **5**

उत्तर :

त्रिवर्षीय योजना (२०६७/०६८-२०६९/०७०) मा वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी नीनिको दीर्घकालीन सोच र उद्देश्य निम्नानुसार तय गरिएका थिए :-

**दीर्घकालीन सोचः** वातावरण व्यवस्थापनलाई प्रभावकारी बनाई स्वच्छ एवम् स्वस्थ वातावरण सिर्जना गर्नु तथा प्राकृतिक स्रोत एवम् साधनको विवेकशील प्रयोगद्वारा दिगो विकास हासिल गर्नुका साथै जलवायु परिवर्तनबाट सिर्जित प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण एवम् अनुकूलित बनाउँदै लैजाने ।

**उद्देश्य**

- हरित विकासको अवधारणालाई प्रोत्साहन दिई मानवीय क्रियाकलाप र विकास निर्माणलाई वातावरणमैत्री बनाउँदै जलवायु परिवर्तनबाट हुने प्रतिकूल असरलाई न्यूनीकरण गर्ने एवम् अनुकूलित बनाउने ।
- शहरी प्रदुषणलाई रोकथाम गर्ने र ग्रामीण क्षेत्रको प्राकृतिक सुन्दरतालाई बचाइ राख्ने ।

**५. संस्कृति भन्नाले के बुझ्नुहुन्छ ? छोटकरीमा परिभाषा सहित उल्लेख गर्नुहोस् । (What do you mean by culture? Define in short.)** **5**

उत्तर :

मानवको विशिष्ट विशेषताको रुपमा रहेको संस्कृति (Culture) समाजशास्त्र तथा मानवशास्त्रको क्षेत्रको एउटा महत्वपूर्ण अवधारणा हो । अंग्रेजी शब्द "Culture" को नेपाली रुपान्तरण 'संस्कृति' शब्द संस्कृत भाषाको 'संस्कार' भन्ने शब्दबाट आएको हो, जसको अर्थ "शुद्धिको क्रिया" हुन्छ । त्यसैले शाब्दिक अर्थमा 'संस्कृति' भन्नाले कुनै पनि व्यक्तिलाई सामाजिक प्राणी बनाउन जुन जुन पक्षको आवश्यकता पर्दछ, ती सबै तत्वहरुको व्यवस्था गर्नुलाई बुझिन्छ । त्यसकारण मानवीय जीवनको सम्पूर्ण आवश्यकताहरुको परिपूर्ति संस्कृतिले गर्ने भएकोले संस्कृतिलाई जीवनको बाटो (Culture is a way of life) पनि भन्ने गरिन्छ । अर्को शब्दमा भन्दा मानव विकासको क्रम सँगसँगै मानवले निर्माण गरेको भौतिक तथा अभौतिक सम्पूर्ण पक्षहरु नै वास्तवमा संस्कृति हो । भौतिक संस्कृति अन्तर्गत मानवले निर्माण गरेका घर, पुल-पुलेसा, मन्दिर,पाटीपौवा, बाटो, मोटर आदि पर्दछ भने अभौतिक संस्कृति अन्तर्गत प्रथा-परम्परा, विश्वास, ज्ञान, आदर्श,धर्म, भाषा तथा मानवीय व्यवहारका पक्षहरु पर्दछन् । समाजशास्त्र र मानवशास्त्रको जटिल अवधारणाको रुपमा रहेको संस्कृति (Culture) बारेमा अझ स्पष्ट हुन यस

Question Bank Nepal

सम्बन्धमा केही विद्वानहरुले दिएका परिभाषा तथा विशेषताहरुलाई तल प्रस्तुत गरिएको छः–

- "संस्कृति त्यो सम्पूर्ण जटिलता हो, जसमा ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, प्रथा तथा अन्य सम्पूर्ण क्षमताहरु एवं गुणहरु सम्मिलित हुन्छन्, जसलाई मानव समाजको सदस्यको हैसियतले आर्जन गर्दछ।" **– E.B. Tylor**
- "संस्कृति मानवद्वारा निर्माण गरिएका साधनहरुद्वारा उसका आवश्यकताहरुको परिपूर्ति गर्न समावेश हुन्छ।" **– C.C. North**
- "संस्कृति मानवको कृति तथा साधन हो, जसद्वारा उसले आफ्नो लक्ष्य प्राप्त गर्दछ।" **– Malinowski**
- "संस्कृति सिकिएको एकीकृत व्यवहार प्रक्रियाको त्यो सम्पूर्ण योग हो, जसले कुनै निश्चित समाजको सदस्यहरुको विषेशतालाई जनाउँदछ, जुन जैविक प्रक्रियाबाट प्राप्त परिणाम होइन।" **– E.A. Hoebel**

| संस्कृतिका विशेषताहरु (Characteristics of Culture) | |
|---|---|
| • संस्कृति सिकिएको व्यवहार हो । (Culture is Learned Behavior) | • संस्कृति सिकिने व्यवहार हो । (Culture is learnt) |
| • संस्कृति मानव निर्मित हुन्छ । (Culture is man made) | • प्रत्येक समाजको आफ्नै संस्कृति हुन्छ । (Every society has got its own culture) |
| • संस्कृतिले मानवीय आवश्यकता परिपूर्ति गर्दछ । (Culture satisfies human need) | • संस्कृतिले मानवको व्यक्तित्व निर्माण गर्दछ । (Culture shapes human personality) |
| • संस्कृति हस्तान्तरित प्रक्रिया हो । (Culture is transmitted.) | • भाषा संस्कृति प्रमुख वाहक हो । (Language is the chief vehicle of Culture.) |

निष्कर्षमा, मानवले समाजमा रहेर बसेर गर्ने जे जति पनि चालचलन तथा रीतिरिवाजहरु छन् ती सबै संस्कृति अन्तर्गत पर्दछन्। उदारहणका लागि संस्कृति अन्तर्गत मानवीय व्यवहार, धर्म, भाषा, नैतिकता, प्रथा परम्परा, आदर्श, रीतिरिवाज, खाना खाने बानी, लुगा लगाउने अभ्यासदेखि अन्य संस्कारगत क्रियाकलापहरु सबै पर्दछन्। भनिन्छ पनि संस्कृतिले गर्दा नै मानव समाज अन्य पशु समाजभन्दा फरक देखिएको हो।

६. **नेपालमा कृषिको महत्व छोटकरीमा उल्लेख गर्नुहोस्। (Briefly mention the importance of agriculture sector in Nepal.)** **5**

उत्तर :

नेपाल एक कृषि प्रदान देश हो। पछिल्ला तथ्याङ्कहरूले करिब ७४ प्रतिशत नेपालीहरू कृषि पेशामा आवद्ध रहेको देखाउँछ। कृषिले देशको कुल अर्थतन्त्रको करिब ४० प्रतिशत हिस्सा ओगटेको छ। नेपालमा औषत भन्दा बढि उद्योगहरू कृषिमा आधारित कच्चा पदार्थद्वारा संचालित छन्। यसरी हेर्दा अधिकांश नेपालीहरूको आत्मनिर्भर बन्ने क्षेत्र कृषिको आफ्नो छुट्टै महत्व रहेको पाइन्छ।

Question Bank Nepal

**नेपालमा कृषिको महत्व**

- उद्योग सञ्चालन गर्नका लागि कच्चा पदार्थको स्रोत,
- औद्योगिक उत्पादनको उपयोग,
- व्यापारमा सहयोग,
- निर्यातको मुख्य स्रोत,
- रोजगारीको सृजना,
- खाद्यन्नको उत्पादनको मुख्य स्रोत,
- नेपाली अर्थतन्त्रको मेरुदण्ड आदि ।

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question)**

---

**७. सामाजिक सुरक्षा भनेको के हो ? नेपालमा सामाजिक सुरक्षा सम्बन्धी के कस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन् ? चर्चा गर्नुहोस् । (What is social security? Explain the programs conducted for the social security in Nepal.)** **(2 + 8) =10**

---

**उत्तर :**

**सामाजिक सुरक्षा (Social security)**

आफ्ना आधारभूत आवश्यकताको पूर्ति आफै गर्न नसक्ने अवस्थामा रहेका मानिसहरूलाई मानवीय मर्यादाको लागि आधारभूत आवश्यकताको परिपूर्ति सुनिश्चित गर्ने कार्यलाई नै सामाजिक सुरक्षा (Social security) भनिन्छ ।

Oxford Dictionary मा सामाजिक सुरक्षा Social Security लाई गरिव, बेरोजगार र बिरामी आदि मानिसलाई सरकारले नियमितरुपमा उपलब्ध गराउने पेसाको अर्थमा लिएको पाइन्छ । सामाजिक सुरक्षाको अवधारणा सन् १९३७ मा अमेरिकाका तत्कालिन राष्ट्रपति Roosevelt ले अगाडि सारेका हुन् यो Civil Right को अभिन्न अंग हो ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९८४ को धारा २५ (१) ले प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनयापनको अधिकार तथा बेरोजगार, बिरामी, अशक्तता, विधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरको परिस्थितिहरूमा जीविकोपार्जनका उपायको अभावमा सुरक्षा पाउने अधिकारको उल्लेख गरिएको छ, जुन अधिकारको परिपूर्तिको लागि सामाजिक सुरक्षा आवश्यक पर्ने देखिन्छ ।

नेपालको संविधान, २०७२ ले पनि धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरेको पाईन्छ ।

> **धारा ४३. सामाजिक सुरक्षाको हक :** आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

Question Bank Nepal

## नेपालमा सामाजिक सुरक्षा सम्बन्धी सञ्चालन भएका कार्यक्रमहरू

- नेपालमा सामाजिक सुरक्षा लाई विशेष महत्व दिई बार्षिक बजेट र आवधिक योजनाहरूमा पनि सामाजिक सुरक्षाका लागि विविध व्यवस्था गरिएको ।
- नेपालको संविधान, २०७२ को धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति अन्तर्गत सामाजिक संरक्षण/बचाउ सम्बन्धी विभिन्न नीतिहरू उल्लेख गरेको पाइन्छ ।
- जेष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्तिका लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था रहेको साथै स्वास्थ्य एवम् यातायतका क्षेत्रमा पनि जेष्ठ नागरिक, एकल महिला, अपांगता भएका हरूका लागि विशेष सुविधाहरूको घोषणा गरिएका ।
- राउटे लगायतका जोखिममा परेका जाती/समुदाय तथा कर्णाली क्षेत्रका वासिन्दाका लागि विभिन्न सहायता कार्यक्रम सञ्चालित हुँदै आएका ।
- प्राकृतिक प्रकोपको अवस्थामा उद्धार, राहत, अस्थायी बसोबास र पुनस्थापना गराउने जस्ता कार्यक्रमहरू पनि सञ्चालन हुँदै आएका ।
- गरिब परिचय पत्र वितरण कार्यक्रम (आ.बं २०७२।०७३ देखि सञ्चालन गर्ने राज्यको घोषणा )
- द्वन्द्वपिडित बालबालिका एवम् परिवारका लागि सहायता एवम् सहिद परिवार निर्वाह भत्ता वितरणका कार्यक्रम सचालित ।
- Social Vulnerability मा परेका महिला, बालबालिकाहरूका लागि Safe house को अवधारणा अघि सारिएको ।
- दुर्गम जिल्लाहरूमा खाद्यान्न वितरण तथा ढुवानीमा अनुद्वांन एवम् विद्यालयमा दिउसोको खाजा एवम् तेलको वितरणका साथसाथै अनुदानमा आयोडिनयुक्त नुनको वितरण गर्ने गरिएको ।
- द्वन्द्व प्रभावित र विस्थापित मानिसहरूका लागि विगतमा राहत, भत्ता, क्षर्तिपूर्तिको व्यवस्था गरिएकोमा हाल पुनस्थापना (Rehabilitation) का कार्यक्रमहरू सञ्चालन भएका ।
- जोखिममा परेका समुदाय, ७५ वर्ष माथि र १५ वर्ष मुनिका बिरामीहरूको नि:शुल्क डायालोलिस र क्यान्सरको उपचारको व्यवस्था गरिएको ।
- भुकम्प, बाढी, पहिरो, सितलहर जस्ता कठिन परिस्थितीद्वारा पिडित जनतालाई विशेष सहयोग कार्यक्रम
- कामदार एवम् कर्मचारीको जीवन बिमा एवम् दुर्घटना बिमा गर्ने व्यवस्था ।
- बेरोजगार युवालाई स्वरोजगार बनाउनमा युवा स्वरोजगार कार्यक्रम सचालित गरिएको आदि ।

सारांशमा भन्दा नेपालमा सामाजिक सुरक्षाका लागि केही समय यता विभिन्न प्रयासहरू गरिएका भएतापनि सामाजिक सुरक्षाको अवस्था प्रभावकारी भने देखिँदैन । बेरोजगारी बढेको बढ्यै छ तर बेरोजगार भत्ताको व्यवस्था छैन त्यसैले सामाजिक सुरक्षाका लागि प्रभावकारी उपाय अपनाई मानिसको सशक्तिकरण गर्नु आजको हाम्रो आवश्यकता हो ।

Question Bank Nepal

## खण्ड (Section) – B (अंक ३०)
## संवैधानिक व्यवस्था र सरकार

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions)**

८. नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम राज्यको सामाजिक उद्देश्य के रहेको छ ? उल्लेख गर्नुहोस् । (According to the Interim Constitution of Nepal, 2063, what is the social objective of the state? Mention.) 5

*(नेपालको अन्तरिम संविधान, २०६३ खारेज भई सम्वत् २०७२ साल असोज ३ गते बाट नेपालको संविधान लागू भएकोले प्रस्तुत प्रश्नको समाधान पनि नेपालको संविधान २०७२ अनुरुप प्रस्तुत गरिएको छ ।)*

नेपालको संविधान, २०७२ को धारा ५०(२) मा राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य देहायबमोजिम रहने उल्लेख गरिएको पाइन्छ :- धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुनेछ ।

९. केन्द्रीय सरकारका प्रमुख कार्यहरू उल्लेख गर्नुहोस् । (Mention the major functions of central government.) 5

उत्तर :

**केन्द्रिय सरकारका प्रमुख कार्यहरू**

नेपाल सरकारले आफ्नो प्रशासकीय कार्यक्रम सञ्चालन गर्नका लागि केन्द्रिय संगठन, प्रादेशीक तथा स्थानीय संगठन गरी विभाजन गरेको पाइन्छ । यसको उच्च तहको रुपमा केन्द्रिय सरकारले काम गर्दछ । केन्द्रिय सरकारका प्रमुख कार्यलाई तल बुँदागत रुपमा प्रस्तुत गरिन्छ :-

- आवश्यकीय नीति निर्माण गर्ने,
- योजना तयार गर्ने,
- आफू मातहतका निकायलाई निर्देशन दिने,
- विभिन्न निकायहरू बीच समन्वय गरी सुमधुर सम्बन्ध कायम राख्ने,
- राष्ट्रिय नीति निर्माण र कार्यन्वयन गर्ने,
- आफू मातहतका विभिन्न निकायहरूका लागि आर्थिक तथा मानवीय स्रोतको व्यवस्था गर्ने,
- अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने इत्यादी ।

Question Bank Nepal

१०. लोकतन्त्रको सफलताका लागि आवश्यक पर्ने पूर्वशर्तहरू उल्लेख गर्नुहोस् । (Mention the prerequisites required for the success of democracy.) 5

उत्तर :

वर्तमान युगमा लोकतन्त्र (Democracy) लाई शासन व्यवस्था सञ्चालनको सर्वोत्कृष्ट रुप मानिन्छ । लोकतन्त्र सम्बन्धी अवधारणाको सुरुवात प्राचीन युनानी नगर राज्यहरूबाट भएको मानिन्छ । त्यस्तै गरी वैदिक कालीन भारतखण्डमा पनि लोकतान्त्रिक संस्थाहरू अस्तित्वमा आइसकेको इतिहासले बताउँछ । लोकतन्त्रको सफलताका लागि केही निश्चित पूर्वशर्तहरू आवश्यक पर्दछ । ती पूर्वशर्तहरूलाई देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ :-

**(क) प्रतिस्पर्धात्मक चुनाव** : यो लोकतन्त्रको सबैभन्दा प्रमुख आधार हो । प्रतिस्पर्धात्मक एवम् निष्पक्ष चुनाव विना सर्वसाधारण नागरिकको वास्तविक इच्छा, आकांक्षा एवम् आवश्यकताको प्रतिनिधित्व नै हुन सक्दैन, त्यसैले यदि लोकतान्त्रिक शासन व्यवस्थामार्फत जनतालाई शासनमा सहभागी बनाउने हो भने प्रतिस्पर्धात्मक चुनाव अपरिहार्य हुन्छ ।

**(ख) वाक् स्वतन्त्रता** : लोकतान्त्रिक शासन व्यवस्थामा प्रत्येक नागरिकलाई वाक् स्वतन्त्रता हुनुपर्दछ । नागरिकले आफूलाई लागेका कुराहरू स्वतन्त्रतापूर्वक सरकार एवम् सरोकारवला पक्ष समक्ष राख्न पाउने अवस्था हुनुपर्दछ ।

**(ग) बहुमतको शासन** : लोकतन्त्र भनेकै प्रतिस्पर्धात्मक एवम् निष्पक्ष चुनावका माध्यमबाट जनताको बहुमत प्राप्त राजनीतिक दलले शासन सञ्चालन गर्ने व्यवस्था हो । त्यसैले साँचो अर्थमा लोकतन्त्रको अनुभूतिका लागि बहुमतको शासन हुनुपर्दछ ।

**(घ) अल्पमतको कदर** : लोकतन्त्रको आधारको रुपमा बहुमतको शासन भएता पनि अल्पमतको समेत कदर गर्दै शासन सञ्चालन गर्नुपर्दछ ।

**(ङ) समावेशीकरण** : अर्को लोकतान्त्रिक मूल्य मान्यताका रुपमा समावेशीकरण रहेको छ । लोकतन्त्रमा सबै वर्ग एवम् समुदायको प्रतिनिधित्व हुने कुराको सुनिश्चितता हुनुपर्दछ । अर्थात् पिछडिएको क्षेत्र एवं उत्पीडित, सीमान्तकृत र राज्यको मूल प्रवाहीकरणमा अपनाएका पक्षलाई पनि समावेश गरी शासन सञ्चालन गर्नुपर्दछ ।

**(च) सकारात्मक विभेद** : सकारात्मक विभेद पनि महत्वपूर्ण लोकतान्त्रिक मूल्य मान्यता हो । लोकतान्त्रिक शासन व्यवस्थामा समानताको सिद्धान्तका आधारमा राज्यबाट प्राप्त हुने सेवा सुविधा प्राप्त गर्न नसक्ने वर्ग जस्तै महिला, दलित, आदिवासी, जनजाति तथा मधेशीका लागि सरकारले विशेष व्यवस्था गर्नुपर्दछ भन्ने मान्यता नै सकारात्मक विभेद हो ।

**(छ) कानूनी शासन** : जहाँ संवैधानिक सर्वोच्चता एवम् कानूनी शासन छैन त्यहाँ लोकतन्त्रले विकास र निकास दुवै पाउँदैन त्यसैले कानूनी शासन पनि लोकतान्त्रिक शासन व्यवस्थाको एक महत्वपूर्ण पक्ष हो ।

**(ज) पारदर्शिता र जवाफदेहिता** : लोकतन्त्र भनेको असल शासन सुशासनको जननी हो, सुशासनका लागि पारदर्शिता एवम् जवाफदेहिता नभई नहुने आधारशीला हुन् । त्यसैले सच्चा लोकतन्त्रमा पारदर्शिता र जवाफदेहिताको सुदृढ व्यवस्था हुनुपर्दछ ।

**(झ) मानव अधिकारको सुरक्षा** : लोकतन्त्रमा प्रत्येक व्यक्तिले मानव भएका नाताले मानवको सम्मानपूर्वक जीवन यापन र वृत्ति विकासका लागि आवश्यक पर्ने सम्पूर्ण अधिकार र सम्मानजनक रुपमा उपभोग गर्न पाउने सुरक्षित वातावरण राज्यले तयार गरि दिनुपर्दछ ।

Question Bank Nepal

यसरी माथि उल्लेखित लगायत विकेन्द्रीत शासन, न्यायिक स्वतन्त्रता तथा सामाजिक न्याय जस्ता मान्यताहरूले पूर्णता पाउन सकेमा मात्र कुनै पनि देशको शासन व्यवस्था लोकतान्त्रिक हुन सक्दछ र देशका नागरिकले राज्यको सच्चा मालिक भएको आभाष गर्न सक्दछन् ।

**११. सरकारात्मक विभेद भन्नाले के बुझ्नुहुन्छ ? संक्षेपमा उल्लेख गर्नुहोस् । (What do you mean by positive discrimination? Mention in brief.) 5**

**उत्तर :**

सामान्य अर्थमा व्यक्तिहरूका बीच धर्म, वर्ण, लिगं, जात, जाति जस्ता कुनै पनि आधारमा भेदभाव नगर्नु नै औपचारिक/वास्तविक समानता हो । समानताको अधिकार व्यक्तिको आधारभूत अधिकार हो । असमानहरूलाई समान बनाउने उद्देश्यले कुनै व्यक्ति वा वर्ग विशेषलाई दिइने अस्थायी प्रकारको प्राथमिकता वा छुटलाई सकारात्मक विभेद भनिन्छ । अर्थात् समानताको लागि गरिने असमान व्यवहार नै सकारात्मक विभेद हो ।

आज सर्वत्र चर्चाको विषयको रुपमा रहेको समानता औपचारिक समानता नभई सकारात्मक विभेद सहितको समानता अर्थात् सारभूत समानता हो । अर्को शब्दमा भन्नु पर्दा सकारात्मक विभेद (Positive Discrimination) भन्नाले समाजिक, सांस्कृतिक, आर्थिक तथा राजनैतिक बञ्चितीकरणमा परेका वर्गलाई राज्यको मूलधारमा ल्याउनको लागि त्यस्ता वर्गलाई छुट्टै अवसरको सिर्जना गर्नुलाई बुझिन्छ ।

सकारात्मक विभेद भन्नाले सामान्यतया समाजमा सदियौदेखि चलिआएका असमानता र विभेदलाई अन्त्य गरी बञ्चित गरिएका समुदाय/वर्गलाई त्यस्तो अवसरको सिर्जना गर्नु हो जसले उनीहरूलांई अरू मानिसहरूसँग प्रतिस्पर्धामा उत्रिने आधारहरू दिनुका साथै प्रतिस्पर्धामा उत्रिन योग्य तुल्याउँछ ।

सारभूत समानता कायम गर्ने महत्वपूर्ण औजारको रुपमा रहेको सकारात्मक विभेदका प्रमुख सिद्धान्तहरूमा सारभूत समानताको सिद्धान्त, समानुपातिक प्रतिनिधित्वको सिद्धान्त, राज्यको दायित्व सम्बन्धी सिद्धान्त, समान अवसरको सिद्धान्त तथा सशक्तिकरणको सिद्धान्त प्रमुख मानिन्छन् । राज्यद्वारा प्रदान गरिने यस्तो विशेष संरक्षणको व्यवस्थालाई मुलतः विशेष संरक्षण (Special protection), सकारात्मक विभेद (Positive discrmination), सकारात्मक कारवाही (Affirmative action), परिपूरण सम्बन्धी कार्य (Compensatory action), आरक्षण (Reservation) जस्ता विभिन्न उपायबाट प्रचलनमा ल्याएको पाइन्छ ।

नेपालमा सकारात्मक विभेद र आरक्षण शब्द बढी प्रचलनमा रहेको पाईन्छ । नेपालको अन्तरिम संविधान, २०६३ ले पहिलोपटक राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक रूपले पछाडि परेका वर्ग र समुदायको शासन प्रक्रियामा सहभागिता सुनिश्चित गर्नका लागि सकारात्मक विभेद (positive discrimination) को अवधारणा अंगीकार गरेको थियो भने वर्तमान नेपालको संविधान, २०७२ ले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्रको रूपमा परिभाषित गर्दै समावेशी संघीय राज्यको रूपमा घोषणा गर्नुका साथै धारा १८(३) मा सकारात्मक विभेद सहितको समानताको हकको ग्यारेन्टी गरेको पाइन्छ ।

**धारा १८ (३) सकारात्मक विभेदको व्यवस्था :** राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

Question Bank Nepal

तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।


*स्पष्टीकरण : यस भाग र भाग ४ को प्रयोजनका लागि "आर्थिक रूपले विपन्न" भन्नाले संघीय कानूनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ ।*

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question)**

१२. **नेपालको सामाजिक सशक्तीकरण र विकासमा नागरिक समाजको भूमिका कस्तो हुनुपर्छ ? चर्चा गर्नुहोस् । (What should be the role of civil society on social empowerment and development of Nepal? Explain.)** **10**

**उत्तर :**

राज्यले देशको विकास प्रक्रियाका सम्पूर्ण क्षेत्रमा आफ्नो संलग्नता नदेखाई विकासका अन्य साझेदारका लागि Facilator, promotor तथा Regulator को भूमिका खेल्नु पर्दछ भन्ने मान्यताले स्थान पाउँदै गएको वर्तमान समयमा राज्य बाहेक देशको विकास प्रक्रियामा विकासका मुख्य साझेदार (Actors) का रुपमा देहाय बमोजिमका क्षेत्रहरू अगाडी आएको पाईन्छ –




विकास प्रक्रयामा बहुपात्रको सहभागिता र सहकार्यको अवधारणाको आवश्यकता महशुस गरिन थालिए पछि पछिल्ला समयमा देशको सन्तुलित विकासका लागि सरकारले राज्य सञ्चालन र विकासका सन्दर्भमा नगरी नहुने कार्यहरू मात्र सरकारले सञ्चालन गरी अन्य कार्यहरूका लागि सरकारले अन्य क्षेत्रको संलग्नताका लागि उपयुक्त वातावरण सिर्जना गरि दिएर Facilator को भूमिका निर्वाह गर्ने तर्फ केन्द्रित हुदै गएको पाईन्छ । जहाँसम्म नागरिक समाजको कुरा छ, नेपालको सामाजिक सशक्तिकरण र विकासमा नागरिक समाजको भूमिकालाई देहाय अनुसार प्रस्तुत गर्न सकिन्छ :-

(क) **समाजको सशक्तिकरण गर्ने भूमिका** – नागरिक समाजले समाजमा पछाडि पारिएका तथा सिमान्तकृत वर्ग तथा समुदायलाई चेतनामूलक कार्यक्रमको माध्यमबाट सचेत गराई उनीहरूलाई आफ्ना अधिकारको बोध गराउनुका साथै सबैले समान रुपमा



Question Bank Nepal

अवसरको उपभोग गर्न पाउनुपर्छ भनी वकालतको माध्यमबाट समाजको सशक्तिकरण गर्ने भूमिका खेल्दछ ।

(ख) **सरकार र जनताका बीचको सम्बन्धसेतुको भूमिका** – नागरिक समाजले जनताका माग एवम् आवश्यकताहरूको विभिन्न कार्यक्रमका माध्यमबाट सरकारलाई बोध गराउने र ती माग पूरा गर्न दबाब दिई जनता र सरकारबीच पुलको काम गर्दछ । देशको एउटा नागरिकले सरकार सामु आफैं पुगेर आफ्ना अवस्था बारेमा जानकारी दिलाउन सम्भव नहुने हुनाले नागरिक समाजले जनताको प्रतिनिधित्व गर्दै सरकारसँग सम्पर्क राखी जनताका अवस्थाको बारेमा जानकारी गराउने हुनाले यसको ठूलो भूमिका छ ।

(ग) **दबावकारी समूहको भूमिका** – नागरिक समाजले यदि सरकारका कदमहरू जनताको तथा राष्ट्रको हित विरुद्ध भएमा विभिन्न कार्यक्रमका माध्यमबाट दबाब सिर्जना गरी ती कदमहरूलाई संच्याउन दबाब दिन्छ भने जनहितका लागि नगरी नहुने कार्यहरूमा पनि सरकारले आँखा चिम्लेको अवस्था भए दबावकारी समूहको भूमिका निर्वाह गर्दछ ।

(घ) **स्थानीय माग र आवश्यकताको पैरवीकर्ताको भूमिका** – नागरिक समाजले केन्द्रिय स्तरमा मात्र कार्य नगरी स्थानीय स्तरमा समेत भूमिका खेलेको हुन्छ । स्थानीय स्तरका माग र आवश्यकताको सम्बन्धमा स्थानीय स्तरको सरकारी नियकासँग बहस/छलफल गरी सो माग आवश्यकता पूरा गराउने भूमिका खेल्दछ ।

(ङ) **विकासमा साझेदारको भूमिका** – नागरिक समाजले विभिन्न किसिमका विकास निर्माण कार्यमा सरकार तथा निजी क्षेत्रसँग उपभोक्ता समूहको माध्यमबाट साझेदारको भूमिका निर्वाह गरी विकास निर्माणका काम प्रति सर्वसाधारण जनताको अपनत्व बोध गराउँछ ।

(च) **सामूहिक उपलब्धि र सेवाको वितरणको सहयोगी भूमिका** – विभिन्न कल्याणकारी कार्यक्रमको माध्यमबाट सरकारले प्राप्त गरेका उपलब्धी र विभिन्न किसिमका सेवा जस्तै शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, पानी, बिजुली आदिको न्यायिक वितरणमा नागरिक समाजले सहयोगीको भूमिका खेल्दछ ।

(छ) **जनसहभागिता एवं स्थानीय स्रोतसाधन परिचालनमा भूमिका** – नागरिक समाजले केन्द्रिय तथा स्थानीय जुनसुकै स्तरमा हुने विभिन्न किसिमका कार्यक्रमहरूमा जनसहभागिताका लागि उत्प्रेरणात्मक भूमिका खेल्दछ भने स्थानीय स्तरमा रहेका प्राकृतिक स्रोत साधनको परिचालन गर्दा स्थानीय स्तरको हितलाई ध्यानमा राख्नुपर्ने मान्यता राखी सकारात्मक भूमिका खेल्दछ ।

(ज) **विकासको उद्देश्य र प्राथमिकता निर्धारणमा भूमिका** – नागरिक समाजले सरकारलाई विकास कार्यक्रमहरूको उद्देश्य स्पष्ट पार्नमा सरकारलाई सहयोग पुऱ्याउनुका साथै विभिन्न किसिमका विकासका कार्यहरूमध्ये कुन चाँही बढी महत्वपूर्ण र अत्यावश्यक छ भनी प्राथमिकता निर्धारण गर्ने भूमिका खेल्दछ ।

(झ) **जनचेतना अभिवृद्धिमा सहयोगी भूमिका** – नागरिक समाजले सर्वसाधारण जनतामा विभिन्न किसिमका कार्यक्रमहरूका माध्यमबाट जनचेतना अभिवृद्धि गरी शिक्षा, स्वास्थ्य तथा आफ्ना अधिकार र दायित्व प्रति सचेतना वृद्धिमा सहयोगीको भूमिका निर्वाह गर्दछ ।

(ञ) **कमजोर वर्गको लागि असल मित्रको भूमिका** –. नागरिक समाजको मुख्य जोड नै त्यस्ता समुदाय वा वर्गको लागि रहेको हुन्छ, जुन राज्यको मूलप्रवाहीकरण भन्दा

Question Bank Nepal

अलग, अवसरको प्रयोगबाट बञ्चित गराइएका, सिमान्तकृत तथा पिछडिएका हुन्छन् । यस्ता वर्गहरूका पक्षमा संघर्ष गरि नागरिक समाजले असल मित्रको भूमिका खेल्दछ ।

अन्त्यमा नागरिक समाज विशुद्ध रुपमा जनताको हितप्रति समर्पित गैर नाफामूलक विभिन्न किसिमका संघ संस्था हुन् । यिनीहरूको मूल प्राथमिकतामा जनताको भलाइ र हित नै रहेको हुन्छ । कुनै पनि देशको नागरिक एकल रुपमा राष्ट्रको सरकारसँग आएर माग राख्न त्यति सहज पनि नहुने र राखि सकेपनि एकजना एक्लैले राखेको माग प्रति राज्य गम्भिर नहुने हुनाले नागरिक समाजले एकातिर विभिन्न तरिकाबाट सरकारलाई समतामूलक रुपमा राष्ट्रिय हित र विकासका कार्यहरू गर्न दबाब दिएको हुन्छ भने अर्कोतिर यदि सरकारले राष्ट्र हित र जनहित विरुद्धकाकार्यहरू गर्न लागेमा सरकारलाई सो कदमबाट पछि हट्न र राष्ट्रहितमा समर्पित हुन दबाब दिन्छ । त्यसैले नागरिक समाजले कुनै पनि देशमा मूलत: एउटा सच्चा पहरेदार र दबाबकर्ताको भूमिका निर्वाह गरिरहेको हुन्छ भन्न सकिन्छ ।

## खण्ड (Section) – C (अक ३०)

## सार्वजनिक सेवा सञ्चालन एवं व्यवस्थापन

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions)**

**१३. असल अभिलेख व्यवस्थापनमा हुनुपर्ने गुणहरू उल्लेख गर्नुहोस् । (Mention the attributes that the good record management requires.) 5**

**उत्तर :**

सुचना, तथ्यांक, प्रमाणका रूपमा रहेका अभिलेखहरूलाई खोजेका वखत सजिलै प्राप्त गर्न सकिने गरी सुरक्षित रूपमा उचित भण्डारण गरी गर्ने तथा अनाश्यक लिखत, कागजातहरू धुल्याउने कार्य समेत गरी समग्र अभिलेखलाई व्यवस्थित गर्ने कार्य प्रणालीलाई अभिलेख व्यवस्थापन (Record management) भनिन्छ । अभिलेखको सृजना देखि सो अभिलेखको वितरण, हस्तान्तरण, उपयोग, सुरक्षण र अनावश्यक कागजात धुल्याउने सम्बन्धि सम्पूर्ण क्रियाकलापहरू अभिलेख व्यवस्थापन अन्तर्गत पर्दछन् । अभिलेख व्यवस्थापन कुनै पनि संगठन तथा संघ संस्थाको एक आधारभूत कार्य, निरन्तर प्रकृया तथा प्रणाली हो । सार्वजनिक संगठनका क्रियाकलापमा अभिलेख व्यवस्थापनको शुरूवात दर्ताबाट हुन्छ । असल अभिलेख व्यवस्थापनमा हुनुपर्ने गुणहरूलाई देहायअनुसार प्रस्तुत गर्न सकिन्छ :-

(क) कार्यमा शीघ्रता : असल अभिलेख व्यवस्थापनले कार्यालयको कार्यलाई शीघ्रताका साथ सम्पन्न गराउन सहयोग गर्दछ ।

(ख) मितव्यीतता : असल अभिलेख व्यवस्थापनले कार्यालयको कार्यसम्पादन सन्दर्भमा अनावश्यक आर्थिक स्रोत र समय खर्च गर्नु पर्ने अवस्थाको अन्त्य गर्दछ ।

(ग) कार्य दक्षता : कार्यालय सञ्चालनमा कार्य दक्षता ल्याउन असल अभिलेख व्यवस्थापनले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

(घ) प्रमाणिकता : महत्वपूर्ण सरकारी कागजहरू सुरक्षित तरिकाले व्यवस्थापन गरी भविष्यमा आवश्यकता अनुसार प्रमाणको रूपमा पेश गर्न

(ङ) सरलता : असल अभिलेख व्यवस्थापनले कार्यालय सञ्चालनमा सरलता ल्याउने हुँदा सरलता पनि यसको एउटा प्रमुख गुणको रुपमा रहेको हुन्छ ।

Question Bank Nepal

माथि उल्लेखित गुणहरूका अलवा असल अभिलेख व्यवस्थापनले विगतको अभिलेखवाट भावी नीति, योजना, कार्यक्रम, आयोजना, वजेट तर्जुमा गर्न तथा निर्णयको लागि आधार प्रदान गर्ने, उपयुक्त र अध्यावधिक सूचना प्राप्त गर्न अर्थात आवश्यक दस्तावेज र सूचनाहरूको सहज प्राप्ति गर्न, अन्तर्राष्ट्रिय सन्धि सम्झौताको लागि विगतका प्रमाण वोध गर्न, विगतमा भएका घटना, सृजना भएका समस्या र निर्णयहरू, समाधानका लागि पहिल्याइएका उपायको सम्बन्धमा जानकारी र ठोस आधार उपलब्ध गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा यसका गुणहरू धेरै रहेको स्पष्ट हुन्छ । अझ समग्रमा भन्नुपर्दा सार्वजनिक प्रशासनमा सुशासन कायम गर्न गराउन असल अभिलेख व्यवस्थापनले सहयोग गर्दछ ।

---

**१४. सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका उल्लेख गर्नुहोस् । (Mention the role of service provider in public service delivery.)** **5**

---

**उत्तर :**

कुनै पनि देशको सरकारले त्यस देशका जनतालाई उपलब्ध गराउने सेवालाई नै सार्वजनिक सेवा भनिन्छ । सरकार आफैंले सम्पूर्ण कार्य गर्न सम्भव नहुने हुनाले विभिन्न किसिमका सेवा प्रदायक संस्थाको व्यवस्था गरेको हुन्छ । सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिकालाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

(क) **सूचनादाता वा सूचकको भूमिका** – कुनै पनि सेवा प्रदायकले सेवाग्राहीलाई सेवा प्रदान गर्दा सो सेवा सम्बन्धमा आफूलाई थाहा भए सम्मका सम्पूर्ण सूचना प्रदान गरिदिनु पर्छ । अर्थात् कुनै पनि सेवाग्राहीले सार्वजनिक सेवा प्राप्त गर्न के-के कागजपत्र पूरा गर्नुपर्छ, कुन कुन मापदण्ड पुऱ्याउनु पर्छ, सेवा शुल्क कति लाग्छ, सेवाको प्रकृति के हो ? आदि जस्ता कुरामा सूचना/जानकारी दिएर एउटा सूचकको भूमिका निर्वाह गर्नुपर्दछ ।

(ख) **संरक्षकको भूमिका** – एउटा सार्वजनिक सेवा प्रदान गर्ने अधिकारीले सेवा ग्राही प्रति उनीहरूको संरक्षकको भूमिका निर्वाह गर्न सक्नुपर्दछ । सेवाग्राही सेवा लिने क्रममा समस्यामा वा द्विविधामा परेमा त्यसको समाधान गरिदिनुपर्छ भने सेवा ग्राहीले बिना कुनै झञ्झट र हैरानी बिना सेवा प्राप्त गर्न सक्ने वातावरण सिर्जना गरी गलत मनशाय भएका व्यक्तिहरूबाट उनीहरूलाई संरक्षण प्रदान गर्ने भूमिका खेल्नुपर्दछ ।

(ग) **सहजकर्ताको भूमिका** – सेवाग्राही प्रति सार्वजनिक सेवा प्रदायकले खेल्नुपर्ने अर्को भूमिकामा सहजकर्ताको भूमिका पनि पर्दछ । सेवाग्राहीलाई सेवा प्राप्त गर्ने प्रक्रियामा कुनै अन्यौल रहे सहजीकरण गरी उनीहरूलाई सजिलै सेवा प्राप्त गर्नमा सहयोग गर्नुपर्दछ ।

(घ) **समन्वयकर्ताको भूमिका** – सार्वजनिक सेवा प्रदायक अधिकारी देशको सरकारको प्रतिनिधि समेत भएकोले सेवा प्रदायकले सर्वसाधारण र सरकारबीच समन्वयकर्ताको समेत भूमिका निर्वाह गर्नुपर्दछ ।

(ङ) **कानुन रक्षकको भूमिका** – सार्वजनिक सेवा प्रदायक सरकारको प्रतिनिधि हो र आफ्नो क्षेत्राधिकार भित्र रहेर कानूनको पालना गराउनु तथा रक्षा गर्नु उसैको कर्तव्य हो । यदि कसैले कानूनलाई आफ्नो हातमा लिएर सेवाग्राहीलाई अनावश्यक दुःख दिएमा त्यसलाई दण्डित गरी कानुनको पालना गराई कानुन रक्षकको भूमिका सार्वजनिक सेवा प्रदायकले खेल्नुपर्दछ ।

Question Bank Nepal

अन्त्यमा, सार्वजनिक सेवा प्राप्त गर्ने सेवाग्राही (जनता) को अधिकार हो, भने सेवाग्राही (जनता) लाई प्रभावकारी सेवा प्रवाह गर्नु सेवा प्रदायक (सरकार) को जिम्मेवारी हो । सार्वजनिक सेवा प्रवाह गर्दा सेवा प्रदायकले सेवाग्राहीका अधिकारको सम्मान गर्दै सेवाग्राहीमैत्री भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

**१५. कार्यालय व्यवस्थापन भनेको के हो ? वर्णन गर्नुहोस् । (What is office management? Explain.) 5**

कृपया यस प्रश्नको समाधानको लागि *लोक सेवा आयोगद्वारा सोधिएको नासु (समावेशी, २०६९) द्वितीय पत्र "सामाजिक-आर्थिक अवस्था" विषयको प्रश्न नं. १३ को उत्तर हेर्नुहोला ।*

**१६. नेपालको निजमती सेवामा वृत्ति विकास सम्बन्धी कस्तो व्यवस्था छ ? उल्लेख गर्नुहोस् । (Mention the provisions for career development in the civil service of Nepal.) 5**

**उत्तर :**

"वृत्तिविकास" शब्द वृत्ति र विकास गरी दुई भिन्न अर्थ दिने शब्दहरू मिलेर बनेको शब्द हो । वृत्ति भन्नाले पेशा, इलम, व्यवसाय वा जीवकोपार्जन गर्ने माध्यम हो भने विकास भन्नाले उन्नति, सुधार हुने पद्दति, बदलिने प्रक्रिया, सुध्रदै गएको अवस्था हो । यसबाट के स्पष्ट हुन्छ भने वृत्ति विकास भनेको आफैंले अपनाएको पेशाको उन्नयन वा विकास हो । अर्को शब्दमा पेसा, व्यवसाय, इलम, जीवकोपार्जनलाई बढी मूल्यवान, प्रतिष्ठित, उर्जावान बनाउने अवस्थालाई वृत्ति विकास भनिन्छ । नेपालको निजामती सेवामा वृत्ति विकास सम्बन्धी विभिन्न व्यवस्था भएको पाइन्छ जुन व्यवस्थाहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :-

- सेवा प्रवेश तथा सेवाकालीन तालिमको व्यवस्था ।
- कार्य क्षमताको आधारमा पदोन्नतिको व्यवस्था ।
- तोकिएको पदमा खुल्ला र आन्तरिक रुपमा बढुवा हुने व्यवस्था ।
- लोक सेवा आयोग जस्तो स्वतन्त्र संवैधानिक निकायबाट बढुवा ।
- निजामती सेवाको सुरक्षाको व्यवस्था ।
- भौगोलिक क्षेत्रको अनुभव लिन सकिने व्यवस्था ।
- स्वदेश तथा विदेशमा उच्च अध्ययनको मौका ।
- सुनुवाईको मौका, पुनरावेदन, लोकसेवा आयोगबाट संरक्षण ।
- विभिन्न किसिमका भत्ता, निवृत्तभरण, उपदान र अन्य सुविधा ।
- शैक्षिक योग्यता, तालिम र अनुभवका आधारमा पदस्थापन, जिम्मेवारको व्यवस्था ।
- निजामती सेवा पुरस्कारको व्यवस्था आदि ।

निजामती सेवा ऐन तथा नियमावलीमा भएका माथि उल्लेखित विभिन्न वृत्ति विकास सम्बन्धी व्यस्थाहरूले निजामती सेवा तर्फ आकर्षण बढाउन सहायकसिद्ध भएको पाईन्छ । तथापी निजामती सेवामा आकर्षण बढाउन यी व्यवस्थालाई मात्र पूर्ण मान्न सकिदैन । तसर्थ यसका लागी निजी तथा सार्वजनिक संस्थान क्षेत्रका कर्मचारीहरूले उपयोग गर्न सक्ने वृत्ति विकास सम्बन्धी अन्य व्यवस्थालाई मध्यनजर राखी निजामती सेवामा पनि ती

Question Bank Nepal

वृत्ति विकास सम्बन्धी व्यवस्था बढाउदै लैजान सकेमा अवश्य पनि यस सेवा तर्फ आकर्षण बढाउने कुरामा दुई मत हुन सक्दैन।

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस्। (Write long answer of the following question)**

**१७. सरकारी बजेटका उद्देश्यहरू उल्लेख गर्नुहोस् र नेपालको बजेट तर्जुमा प्रक्रियाबारे चर्चा गर्नुहोस्। (Mention the objectives of the government's budget and discuss the budget formulation process in Nepal.) (3+7) = 10**

**उत्तर :**

**सरकारी बजेटका उद्देश्यहरू**

सामान्यतया बजेट भन्नाले निश्चित कालको निमित्त सरकारको आर्थिक योजना भन्ने बुझ्नुपर्ने हुन्छ। जसमा आगामी वर्षको आय व्ययको अग्रिम अनुमान प्रस्तुत हुन्छ। व्यापक अर्थमा भन्नुपर्दा यो सरकारको विगत र वर्तमान आर्थिक अवस्थाको मूल्याङ्कनका आधारमा आगामी वर्ष गरिने कार्यक्रमहरूका लागि लाग्ने अनुमानित खर्च र सो खर्च जुटाउने स्रोतहरूको अनुमान पनि हो। कुनै पनि मुलुकको आम्दानीको श्रोत एवम् खर्चका क्षेत्र समेटी आगामी आर्थिक वर्षका लागि तयार गरिने सरकारी बजेटको उद्देश्यलाई देहायका बुँदामा व्यक्त गर्न सकिन्छ :-

- प्रस्तावित सरकारी आम्दानी र खर्चलाई जनस्वीकृति प्रदान गर्ने (विधायिकाद्वारा स्वीकृत गरेर)।
- सरकारलाई आफू खुशी कर लगाउन र ऋण उठाउनबाट रोक्ने।
- भावी कार्यका लागि कुन कुन स्रोतबाट के कति रकम प्राप्त हुन सक्छ भन्ने विषयको जानकारी प्राप्त हुने।
- सीमित साधनलाई प्राथमिकताको क्षेत्रमा खर्च/परिचालन गर्न सहयोग पुऱ्याउने।
- राष्ट्रिय महत्व र उच्च प्राथमिकताको क्षेत्रमा रकमको अभाव हुन नदिने।
- देशको स्रोतलाई सरकारमा रहेका दलको स्वविवेकमा खर्च गर्ने कार्यलाई नियन्त्रण गर्ने।
- खर्चको प्राथमिकीकरण गर्न सहयोग पुऱ्याउने।
- वास्तविक आम्दानी र खर्चको अनुमान गर्न सघाउ पुऱ्याउने।
- सरकारबाट सञ्चालन हुने कार्यक्रमको पारदर्शिता बढाउन मद्दत पुऱ्याउने।
- आर्थिक नियन्त्रण कायम गर्दै मुलुकमा आर्थिक स्थिरता कायम गर्न सहयोग पुऱ्याउने।
- आवधिक विकास योजनाहरूको व्यवस्थित रुपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने।
- राष्ट्रिय आय अभिवृद्धि गर्दै उक्त आयको न्यायोचित वितरण गर्न सहयोग पुऱ्याउने।
- निर्यात व्यापारलाई प्रवर्द्धन गर्दै भुक्तानी सन्तुलन कायम गर्न सहयोग गर्ने।
- आन्तरिक स्रोत (राजस्व) को समुचित परिचालन गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने।
- समग्र अर्थतन्त्रको अवस्था/क्षमताका बारेमा जानकारी प्रदान गरी सम्बद्ध मुलुक

Question Bank Nepal

निर्माण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने ।

**नेपालको बजेट तर्जुमा प्रक्रिया (Budget formulation process in Nepal.)**

संवैधानिक व्यवस्था र सम्बन्धित विभिन्न ऐन नियमहरूको अधीनमा रही सम्बन्धित मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको अग्रसरतामा बजेट तर्जुमाको कार्य सम्पन्न हुन्छ । बजेट निर्माणमा सम्बन्धित मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको उल्लेखनीय भूमिका हुन्छ । विशेषत: बजेट तर्जुमासम्बन्धी निकायहरूमा भण्डै वर्ष दिनभरि नै त्यससँग सम्बन्धित क्रियाकलापहरू (Activities) भइरहेकै हुन्छन् । यी क्रियाकलापहरूका आधारमा बजेट तर्जुमा प्रक्रियालाई देहायबमोजिम तीन चरणमा विभाजन गरेर व्याख्या गर्ने जमर्को गरिएको छ :-

(१) स्रोत अनुमान (Resoruce Estimation)

(२) बजेट सिलिङ निर्धारण र मार्गदर्शन (Determination of Budget Ceiling and Guidelines)

(३) बजेटको तयारी (Budget Preparation)

**(१) स्रोत अनुमान (Resource Estimation):**

आगामी आर्थिक वर्षको बजेट तर्जुमाका लागि स्रोतको अनुमान गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा उक्त आयोगको आर्थिक विषय हेर्ने सदस्य, नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थ सचिव, राष्ट्रिय योजना आयोगका सदस्य सचिव र महालेखा नियन्त्रक सम्मिलित साधन अनुमान समिति (Resource Committee) गठन भएको हुन्छ ।

आवधिक योजना, मध्यकालीन खर्च संरचना, राष्ट्रिय योजना आयोग र अर्थमन्त्रालयबाट प्राप्त राजस्व, वैदेशिक ऋण, वैदेशिक अनुदान, कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर, मुद्रास्फीति, मूल्य वृद्धि, लगानी, व्यापार लगायतका समष्टिगत आर्थिक परिसूचकहरूका आधारमा उक्त समितिले स्रोतको अनुमान गर्दछ र स्रोतको अनुमानका आधारमा समग्र रूपमा साधारण विकास बजेटको सीमासमेत आंकलन गर्दछ । यसरी स्रोत अनुमानको कार्य पुसको पहिलो साताभित्र सम्पन्न गरिसक्नुपर्ने प्रावधान छ ।

उपयुक्त उल्लेख भएअनुसार स्रोतको अनुमान गर्दा, राजस्व अनुमानतर्फ मूलत: विगत र वर्तमानको असुलीको प्रवृत्ति (Trend and intelligent judgement) लाई आधार बनाएको देखिन्छ भने वैदेशिक ऋण र अनुदान तर्फ सम्झौता भइसकेका (The continuing agreement) र आगामी वर्षका लागि दाताहरूबाट प्रतिबद्धता व्यक्त भइसकेका (The new commitments) लाई पनि आधार बनाइन्छ ।

यसका अतिरिक्त आन्तरिक ऋणको अनुमान गर्दाचाहिँ मूलत: कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product) को approach लाई मूल आधार बनाइन्छ र यदाकदा आय र व्ययको बीचमा खाडल पूर्ति गर्ने अंकका रूपमा पनि लिइन्छ ।

**(२) बजेट सिलिङ निर्धारण र मार्गदर्शन (Determination Budget ceiling & Guidelines)**

आगामी आर्थिक वर्षका लागि स्रोत अनुमान समितिबाट स्रोत आँकलन भइसकेपछि बजेट वर्गीकरणअनुसार चालू र पुँजीगत दुवैको मन्त्रालयगत सीमा र मार्गदर्शन (Ceiling and Guidelines) तयार गरी पठाउने उत्तरदायित्व राष्ट्रिय योजना आयोगले पूरा गर्ने र यो कार्य पुसको दोस्रो साताभित्र सम्पन्न भइसक्नुपर्ने व्यवस्था छ ।

यस्तो सीमा निर्धारण गर्दा सामन्यत: विकासका लक्ष्य र कार्यक्रम (Devt. goals and programme) लाई आधार बनाउनुपर्ने हो तापनि कतिपय अवस्थामा यो पनि Incremental Basis मा भएको अवस्था छ । जिल्लास्तरीय विकास बजेटका सम्बन्धमा भने



Question Bank Nepal

मन्त्रालयहरूबाट प्राप्त प्रारम्भिक प्रस्तावका आधारमा कार्तिक महिनाभित्रै बजेट सीमा र समष्टिगत मार्गदर्शन पठाउने प्रावधान बजेट तर्जुमा दिग्दर्शनमा रहेको देखिन्छ।

**(३) बजेट तयारी (Budget Preparation)**

राष्ट्रिय योजना आयोगबाट प्राप्त सिलिङ र मार्गदर्शनभित्र रही सम्बन्धित मन्त्रालयहरूले आफू मातहतका निकायहरूबाट निर्धारित चालू र पुँजीगत बजेटको प्रस्ताव क्रमशः अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ।

यसरी बजेट प्रस्ताव पठाउँदा सामान्यतः साधारण प्रशासनतर्फको प्रस्ताव भने राष्ट्रिय योजना आयोगमा पठाउनु पर्दैन। बजेट तर्जुमा फारम प्राप्त भइसकेपछि सामान्यतः चैतको दोस्रो सातादेखि बजेट मागलाई कम्प्युटरमा प्रविष्टि गरिन्छ र बजेट छलफलको क्रम प्रारम्भ हुन्छ।

साधारण प्रशासनतर्फको बजेट भए अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालय एवम् निकायको बिचमा बजेट उपशीर्षकको खर्च शीर्षकअनुसार छलफल प्रारम्भ भई टुंगो लाग्ने र सोबमोजिमको अंक कम्प्युटर प्रविष्ट गर्ने तर विकास बजेटका सम्बन्धमा चाहि राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्रसँग (Sector) सम्बन्धित सदस्यको संयोजकत्वमा अर्थ मन्त्रालयका बजेट तथा कार्यक्रम महाशाखाका प्रतिनिधि वैदेशिक सहायता र समन्वय महाशाखाका प्रतिनिधि, सम्बन्धित मन्त्रालय र निकायका प्रतिनिधिसमेतको गेहवरमा नीतिगत र कार्यक्रमगत छलफल हुने व्यवस्था छ।

उक्त छलफलबाट बजेट सीमासमेत निर्धारण भएपछि पुनः अर्थमन्त्रालयमा विकास बजेटको बजेट उपशीर्षकअनुसार खर्च शीर्षकगत छलफल हुने र त्यसमा कुनै व्यवधान देखिए राष्ट्रिय योजना आयोगसँग पुनः परामर्श गरी विकास बजेटको टुंगो लगाउने र कम्प्युटरमा प्रविष्ट अंकलाई संशोधन गर्ने कार्य प्रणाली रहेको छ।

उपरोक्तानुसार, प्रारम्भिक छलफल टुंगिएपछि साधारण प्रशासन तथा विकास दुवैतर्फको खाका तयार हुने र यसरी तयार गरिएको खाकाबाट हेर्दा बजेट सीमा नाघ्ने अवस्था देखिएमा जुनजुन मन्त्रालय निकायको सीमा नाघेको छ त्यही त्यही मन्त्रालय/निकायसँग र राष्ट्रिय योजना आयोगसँग पनि पुनः परामर्श गरी व्यय र अनुमानलाई अन्तिम रूप दिइन्छ। विशेषतः संसदमा नीति तथा कार्यक्रमको छलफलको क्रममा व्यक्त भएको सुझावहरूलाई समेत समावेश गरी स्रोत वृद्धिका सम्भावना खोज्नुपर्ने अवस्था भए राजस्व महाशाखा तथा वैदेशिक सहायता समन्वय महाशाखासँग समेत परामर्श गरी बजेट अनुमानलाई अन्तिम रूप दिइन्छ।

बजेटलाई अन्तिम रूप दिने क्रम सँगसँगै बजेट वक्तव्य लेखनको कार्यलाई पनि क्रमशः अन्तिम रूप दिइन्छ र मुद्रणका लागि पठाइन्छ। मुद्रणको कार्य समाप्त भएपछि नेपालको अन्तरिम संविधानबमोजिम अर्थ मन्त्रीबाट व्यवस्थापिका-संसदको बैठकमा प्रस्तुत हुन्छ र संसदबाट पारित भएपछि बजेट तर्जुमाको कार्य सम्पन्न भएको मानिन्छ। संसद नभएको अवस्थामा बजेटसँग सम्बन्धित कानुनको स्वरूप अध्यादेशबाट आउँछ र अध्यादेश जारी भएपछि बजेट तर्जुमाको कार्य सम्पन्न भएको मानिन्छ।

❑❑❑

Question Bank Nepal

**चतुर्थ पत्र**

# अंग्रेजी भाषा र कुटनैतिक विषय

## English Language & Diplomacy

*नेपाल परराष्ट्र सेवाको लागि मात्र*

Question Bank Nepal

३.१ लोक सेवा आयोगद्वारा प्रस्तुत गरेको चतुर्थ पत्र "अंग्रेजी भाषा तथा कुटनैतिक" विषयको नमुना प्रश्नहरु र ती प्रश्नहरुको समाधान

३.२ लोक सेवा आयोगद्वारा ना.सु. (समावेशी), २०६९ को परीक्षामा चतुर्थ पत्रमा सोधिएको प्रश्नहरु र ती प्रश्नहरुको समाधान

३.३ लोक सेवा आयोगद्वारा ना.सु. (खुला), २०६९ को परीक्षामा चतुर्थ पत्रमा सोधिएको प्रश्नहरु र ती प्रश्नहरुको समाधान

३.४ लोक सेवा आयोगद्वारा ना.सु. (खुला/समावेशी), २०७० को परीक्षामा चतुर्थ पत्रमा सोधिएको प्रश्नहरु र ती प्रश्नहरुको समाधान

३.५ लोक सेवा आयोगद्वारा ना.सु. (खुला/समावेशी), २०७१ को परीक्षामा चतुर्थ पत्रमा सोधिएको प्रश्नहरु र ती प्रश्नहरुको समाधान

३.६ लोक सेवा आयोगद्वारा ना.सु. (खुला/समावेशी), २०७२ को परीक्षामा चतुर्थ पत्रमा सोधिएको प्रश्नहरु र ती प्रश्नहरुको समाधान

## ३.१ लोक सेवा आयोगद्वारा प्रस्तुत गरेको चतुर्थ पत्र 'अंग्रेजी भाषा तथा कुटनैतिक' विषयको नमुना प्रश्नहरु र ती प्रश्नहरुको समाधान

### Fourth Paper - Part I - 40 Marks
### English Language

1. **तल दिइएको अनुच्छेदलाई नेपालीबाट अंग्रेजीमा अनुवाद गर्नुहोस् । (अंक भार १०)**
चिनियाँ प्रधानमन्त्री महामहिम वेन जियाबाओले शनिवार काठमाडौंमा बिताएका साढे चार घण्टा नेपाल-चीन सम्बन्धमा ऐतिहासिक समय थियो । आकस्मिक रुपमा निकै सतर्कतापूर्वक आयोजित विश्वशक्ति राष्ट्रका प्रधानमन्त्रीको संक्षिप्त भ्रमणले नेपालको भू-रणनीतिक संवेदनशीलता मात्र दर्शाएन, सन्तुलित भूमिकाको अपेक्षा पनि बढायो । भारतको बलियो प्रभाव रहेको दक्षिण राष्ट्रमा चीनले सकर्तकतासाथ प्रभाव विस्तार गर्न खोजेको जियाबाओको औपचारिक भ्रमणले अर्थ्याउँछ । दोहा उड्नुअघि काठमाडौंको छोटो बसाइमा उनले शान्ति र संविधान प्रति समर्थन जनाउँदै राजनीतिक स्थिरता र आर्थिक विकास निम्ती नेपाल, भारत र चीनबीच त्रिदेशीय समझदारी हुनुपर्ने सन्देश छोडे ।

2. **Communicative Grammar (10 marks)**
   a) *Give the meaning of any two words from the following and use them in sentences:* 2
   Diplomacy Agreement
   Negotiation Assignment
   b) *Put the verb into the correct form of past continuous or past simple:* 2
   Shanti............. (wait) for me when I .............. (arrive)
   c) *Complete the following sentence with appropriate prepositions.* 2
   I will see you......................Friday.
   I will meet you for lunch.......................O'clock.
   d) *Find the grammatical errors and correct them in the following sentences.* 2
   Ram is learning English for five years. He graduates next year.
   e) *Complete the following conversation.* 2
   John: Hello! I am John from the Embassy of A foreign country. I am calling to fix an appointment for our Ambassador to with the Foreign Secretary.

Question Bank Nepal

Subba: ...........................

John: What time will it be convenient for the Foreign Secretary?

Subba: .....................

3. **Read the following passage and answer the questions below.** **(10 marks)**

Governments all over the world are critiqued for the way they carry out the task of governance. This is natural as the cluster of strategies and politics that account for good governance vary from each state, group, and individual. However, such strategies should be the outcome of coherent examination of facts. In the US, for example, active involvement of government-run, independent think tanks assume the role of the researcher on benefit of the government, such that government policy and strategy takes shape in accordance to the ground realities, needs, aspirations, feasibility, which take the form of reports and data. It is thus welcome news that PM Baburam Bhattrai's government is planning to establish tow 'premier' think tanks focuses on foreign and strategies issues. The PM was quoted as saying that our foreign policy preferences and strategies are in need of fine-tuning, particularly in our approach to China, India and the US.

**Answer the following:**

1. What could be a suitable title of this passage?
2. Why are government criticized everywhere?
3. How can independent think tanks help the government?
4. What are the plans of Prime Minister Dr. Bhattarai?
5. What does the Prime Minister think of our foreign policy preferences and strategies?

4. **Write an essay on one of the following topics in about 200 words.** **(10 mks)**

a. Determinants of Foreign Policy
b. Diplomacy for Development
c. Globalization and the poor
d. UN and International Peace and Security
e. Tourism as a part of Economic Diplomacy

Question Bank Nepal

## Fourth Paper - Part II: (60 marks)
## International Relations and Diplomacy

**Answer all the following questions.**

1. What do you understand by international relations? (5 marks)
2. Why is diplomacy important for countries like Nepal? (5 marks)
3. What are the sources of International Law? (5 marks)
4. What are the main objectives of the United Nations? (5 marks)
5. How do you assess Nepal's role in the United Nations? (5 marks)
6. Give a brief history on the evolution of SAARC. (5 marks)
7. What are the problems facing the least development countries? (5 mks)
8. Why do we need a separate Foreign Service? (5 marks)
9. What are the functions of diplomatic missions abroad? (5 marks)
10. Write shorts note on:
    a. Agreement (2.5 marks)
    b. Aide-Memorie (2.5 marks)
11. 'Foreign Policy is the extension of domestic policy'. Discuss. (10 marks)

## लोक सेवा आयोगद्वारा प्रस्तुत नायब सुब्बा (परराष्ट्र) पदको चतुर्थ पत्र नमुना प्रश्नहरूको समाधान

## Fourth Paper - Part I - 40 Marks
## English Language

**1. तल दिइएको अनुच्छेदलाई नेपालीबाट अंग्रेजीमा अनुवाद गर्नुहोस् । (अंक भार १०)**

चिनियाँ प्रधानमन्त्री महामहिम वेन जियाबाओले शनिवार काठमाडौंमा बिताएका साढे चार घण्टा नेपाल-चीन सम्बन्धमा ऐतिहासिक समय थियो । आकस्मिक रुपमा निकै सतर्कतापूर्वक आयोजित विश्वशक्ति राष्ट्रका प्रधानमन्त्रीको संक्षिप्त भ्रमणले नेपालको भू-रणनीतिक संवेदनशीलता मात्र दर्शाएन, सन्तुलित भूमिकाको अपेक्षा पनि बढायो । भारतको बलियो प्रभाव रहेको दक्षिण राष्ट्रमा चीनले सकर्तकतासाथ प्रभाव विस्तार गर्न खोजेको जियाबाओको औपचारिक भ्रमणले अर्थ्याउँछ । दोहा उड्नुअघि काठमाडौंको छोटो बसाइमा उनले शान्ति र संविधान प्रति समर्थन जनाउँदै राजनीतिक स्थिरता र आर्थिक विकास निम्ती नेपाल, भारत र चीनबीच त्रिदेशीय समझदारी हुनुपर्ने सन्देश छोडे ।

Question Bank Nepal

**Ans:**

The four and half hour passed by Chinese Prime Minister His Excellency Ben-Jia-Bao in Kathmandu was historical in Nepal-China relation. Emergencily, most cautiously organized short visit of the prime minster of the country of power world not only denoted the geo-strategical sensitivity of Nepal; but also raised the expectency of balance role. The formal visit of Jia-Bao shows the intensity of casious impact expansion over the South country, strongly affected by India. Before flying Doha, during his short stay in Kathmandu, he supported peace and constitution and left a message that there should be tri-country understanding between Nepal, India and China for political stability and economic development.

## 2. Communicative Grammar (10 marks)

a) *Give the meaning of any two words from the following and use them in sentences:* 2

Diplomacy Agreement
Negotiation Assignment

**Ans:**

| Word | Meaning |
| --- | --- |
| Diplomacy | the conduct by government officials of negotiations and other relations between nations. |
| Negotiation | Discussion aimed at reaching an agreement |
| Agreement | contract between parties which they are obliged to follow |
| Assignment | Task to be fulfilled within certain period of time. |

**Use in Sentence:**

1) Diplomacy:- Diplomacy is a method of communication between governments and international organizations.
2) Negotiation:- Negotiation is the discussion or barganing to avoid the exiting misunderstanding between and among the individuals, groups, organizations or states.
3) Agreement:- Agreement is supposed to be the output of negotiation.
4) Assignment:- A strong home assignment should be done before participating in a negotiation.

Question Bank Nepal

b) *Put the verb into the correct form of past continuous or past simple:* 2

Shanti............ (wait) for me when I ............. (arrive)

**Ans:**

Shanti was waiting for me when I arrived.

c) *Complete the following sentence with appropriate prepositions.* 2

I will see you......................Friday.

I will meet you for lunch......................7O'clock.

**Ans:**

I will see you on Friday.

I will meet you for lunch at 7O'clock.

d) *Find the grammatical errors and correct them in the following sentences.* 2

Ram is learning English for five years. He graduates next year.

**Ans:**

Ram has been learning English for five years. He will graduate next year.

e) *Complete the following conversation.* 2

John: Hello! I am John from the Embassy of A foreign country. I am calling to fix an appointment for our Ambassador to with the Foreign Secretary.

Subba: ...........................

John: What time will it be convenient for the Foreign Secretary?

Subba: .....................

**Ans:**

John: Hello! I am John from the Embassy of A foreign country. I am calling to fix an appointment for our Ambassador to with the Foreign Secretary.

Subba: Why not? He is free tomorrow.

John: What time will it be convenient for the Foreign Secretary?

Subba: At 10' O'clock in the morning.

Question Bank Nepal

**3. Read the following passage and answer the questions below. (10 marks)**

**Ans:**

Governments all over the world are critiqued for the way they carry out the task of governance. This is natural as the cluster of strategies and politics that account for good governance vary from each state, group, and individual. However, such strategies should be the outcome of coherent examination of facts. In the US, for example, active involvement of government-run, independent think tanks assume the role of the researcher on benefit of the government, such that government policy and strategy takes shape in accordance to the ground realities, needs, aspirations, feasibility, which take the form of reports and data. It is thus welcome news that PM Baburam Bhattarai's government is planning to establish tow 'premier' think tanks focuses on foreign and strategies issues. The PM was quoted as saying that our foreign policy preferences and strategies are in need of fine-tuning, particularly in our approach to China, India and the US.

**Answer the following**

1. What could be a suitable title of this passage?

**Ans:** The suitable title for this passage could be 'Current issues on government'.

2. Why are government criticized everywhere?

**Ans:** The government are criticized everywhere because of the way they carry out the task of governance.

3. How can independent think tanks help the government?

**Ans:** Independent think tank can help the government by playing the role of researcher to shape the government policy.

4. What are the plans of Prime Minister Dr. Bhattarai?

**Ans:** The plans of Prime Minister Dr. Bhattarai are to establish two 'Premier' think tank focusing on foreign and strategic issues and to fine tune the foreign policy preferences and strategies in approach to China, India and US.

5. What does the Prime Minister think of our foreign policy preferences and strategies?

**Ans:** The Prime minister thinks about fine tuning our foreign policy preferences and strategies.

Question Bank Nepal

4. **Write an essay on one of the following topics in about 200 words.**

**(10 mks)**

a. Determinants of Foreign Policy
b. Diplomacy for Development
c. Globalization and the poor
d. UN and International Peace and Security
e. Tourism as a part of Economic Diplomacy

**Q.N. 4(a) Ans:**

**Determinants of Foreign Policy**

Foreign policy is an extension of domestic policy. Foreign policy of a state is also the substance of foreign relations. It is a complex interplay of geography, history, traditions, present requirements, perception to the national interests by the ruling elite and the ideological consciousness of the policy makers beside the national and international scenario. So, foreign policy is determined by many factors which can be presented as:

**1) Internal policy:**

a) Geography:- The geography of any state is the major factor while determining foreign policy. How is the geography of a state, chill, mountain palin, landlocked, island, should be taken into consideration while determining foreign policy.

b) History:- The situations and events in the past plays a major role in determining foreign policy.

c) National capacity:- National capacity is another internal determinant factor of foreign policy of any state. National capacity in terms of economy, trade, politics, income, power, military etc. are taken into consideration hare.

d) Public opinion:- What is the opinion, demand and intentions of people while shaping their foreign policy is one of the key factor while determining foreign policy.

**2) External Factors:**

a) International organizations: UNO, WTO, EU, ASEAN, WB, ADB, IMF, ILO etc.

b) International law

c) Power holding countries and new trends in international arena.

d) Neighbouring countries

e) International policies

Question Bank Nepal

**3) Policy making Factors**

i) Attitude of policy makers

ii) 'Foreign policy to an extent is a reflection of the fundamental instincts of those who make it." - Gilbraith

To, conclude, foreign policy is a complex inter play of geography, history, traditions, present requirements, perception of the ruling elite of national interests and the ideological conscious of the policy makers besides the national and international scenario.

Question Bank Nepal

## Fourth Paper - Part II: (60 marks)
## International Relations and Diplomacy

**Answer all the following questions.**

**1. What do you understand by international relations? (5 marks)**

**Ans:**

The relations of any sovereign state with other state can be termed as international relations (IR).

- International relations emphasize the relation of one nation with other nations beyond its boundaries.
- It may be bilateral or multilateral relations or relationships with formally established internationals organizations.
- IR is the branch of political science, which studies foreign affairs and relations among states within the international systems, including regional organizations such as SAARC, ASEAN, EU, OAU, OAS.
- Initially IR were believed to be a sort of political relations between and among nations to be carried out by authorised governmental agencies or officials formally.
- IR are now fastest growing academic disciplines. They are meant for promoting international order.

Thus, contemporary international relations is a study of 'the world community in transition'.

## 2. Why is diplomacy important for countries like Nepal? (5 marks)

**Ans:**

Diplomacy is the art and practice of conducting negotiations between nations or the skills in managing communication and relationship between nations. It is the management of communications and relationships between nations by members and employee's of each nations government.

The importance of diplomacy for the countries like Nepal are:

- It helps to conduct the good relation between countries and organizations.
- It is one of the best mechanism for conflict resolution.
- Trade, culture, values and norms are deployed through diplomacy.
- It helps in receiving foreign aids, grants and loan.
- It is the means of protecting national interest in international land.
- It strengthens finance, productions, labour, agriculture, forestry, fishing, mining, natural resources and many aspects of national interests.
- Access towards the sea for landlocked countries.
- It is the means of persuasion and contact.

To sum up, diplomacy conducts the role of outreaching, feed backing, servicing, and managing which is its strengths and importance.

## 3. What are the sources of International Law? (5 marks)

**Ans:**

International law is the body of legal rules, norms, regulations accepted practices and standards that apply between sovereign states and other entities that are legally recognized as internationals actors. It is needed to conduct international relations to maintain world peace and order, and to create a good and friendly relationships between states.

**Sources of international law are as follows:**

1. Internationals Treaties
2. Customs
3. General principles of law
4. Judicial Decisions
5. Writing of scholars
6. Decisions of International organizations
7. Draft conservations

Question Bank Nepal

8. State practice
9. Legitimate interests
10. International comity
11. Equality and justice
12. Theories of morality
13. Consideration of humanity
14. UN conventions and Resolution
15. Reasons and logics
16. ICJ
17. Resolution of International organization

To conclude, sources of international law are the materials and processes out of which the rules and principles relating the international personalities are developed.

**4. What are the main objectives of the United Nations? (5 marks)**

**Ans:**

The objectives of the United Nations are as follows:

- To maintain international peace and security
- To develop friendly relations among nations based on respect for the principle of equal rights and self determination of people,
- To co-operate in solving international economic, socio cultural and humanitarian problems;
- To promote respect for human rights and fundamental freedoms,
- To be acentre for harmonizing the actions of nations in attaining those common ends.

**5. How do you assess Nepal's role in the United Nations? (5 marks)**

**Ans:**

Ever since joining the UN on Dec 14, 1955 Nepal has held firm to the faith in the principles of the world body. It has been actively involving in the activity of the UN with fidelity and commitment:

- Nepal has always evoked her desire for disarmament in various UN forums and she is in favour of general and complete disarmament.
- Nepal has supported the establishment of peace zone in different parts of the world for the shake of world peace.

Question Bank Nepal

- Nepal is one of the nations to sign the Universal celeration of Human Rights proclaimed by the UN GA on Dec 10, 1948.
- Nepal was elected president of the 56th session of Human Right Commission in Geneva.
- Nepal has hosted the UN Regional centre for peace and disarmament in Asia and the pacific in Kathmandu.
- Nepal also hosted the South Asian Peace Keeping operations Multi platoon Training Event in Panchkhal, Nepal on Jan 16, 2000

Nepal has played a significant role in the united nations since it joined it in terms of peace, disarmament, military and so on.

---

**6. Give a brief history on the evolution of SAARC. (5 marks)**

---

**Ans:**

- The idea of regional co-operation in South Asia was mooted in November 1980 by late king Birendra of Nepal when he called for the need of regional co-operation for harnessing the water resources of the region.
- Mr. Zieur Rahaman, former president of Bangladesh further contributed to float the idea of the establishment of the regional association in the South Asia.
- Consequently, the South Asian Association for Region co-operation was established in 8 December 1985 by seven South Asian countries with a view to enhancing the quality of life of people and achieving regional economic betterment as well.
- The lofty ideals of SAARC promise the South Asian peoples a prosperous life, which is yet to be met as the association has been moving to achieve this end slowly.
- Later, from the 9th meeting, Afghanistan also took part in this regional association to become its eighth member.

---

**7. What are the problems facing the least development countries? (5 marks)**

---

**Ans:**

The least developed countries represent the poorest and weakest segment of the international community.

The problems facing by LDCs are as follows:

Question Bank Nepal